# सूचना ! सूचना ! ! सूचना ! ! !

## सूचीकृत धानको बीउको विक्री, वितरण तथा प्रयोग सम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस कार्यालयको तालुक कार्यालय कृषि विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको च.नं. ७५४ मिति २०८३/०२/२६ गतेको पत्रानुसार विभिन्न स्रोतबाट सूचीकृत नभएका धानका बीउ विक्री, वितरण तथा प्रयोग भइरहेको गुनासो प्राप्त भएको सन्दर्भमा, बीउ विजन ऐन, २०४५ को दफा ११ (ख) अनुसार सूचीकृत वा पञ्जिकरण नभएका बीउ विजन विक्री गर्न नपाइने व्यवस्था रहेकोले सूचीकृत वा पञ्जिकरण भएका बीउ विजनहरुको विवरण नेपाल सरकार, बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन, ललितपुरको वेबसाइट https://sqcc.gov.np मा हेर्न सकिने भएको हुँदा सोही बमोजिम सूचीकृत वा पञ्जिकरण भएका बीउ विजनको मात्र विक्री वितरण गर्न हुन हार्दिक अनुरोध छ।

साथै अवोप्रान्त सोको कडाइका साथ यस कार्यालयबाट निरन्तर अनुगमन तथा निरीक्षण गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि विकास कार्यालय, रामेछाप**